# एमनेष्टी ईन्टरनेसनल नेपाल शाखाको
# युथ नेटवर्क संचालन सम्वन्धी कार्यविधी -२०७०

पारित मितिः २०७० जेठ १२
लागु मितिः २०७० जेठ १२

पृष्ठभुमिः

एमनेष्टी ईन्टरनेसनलले संचालन गर्ने अभियानलाई थप सशक्त र प्रभावकारी वनाउन युवा सदस्यहरू र युथ नेटवर्कहरूको महत्वपुर्ण भुमिका रहन्छ भन्ने तथ्यलाई आत्मसाथ गर्दै ए.आई नेपाल शाखाले वि.स.२०६४(सन २००६) देखि युथ नेटवर्क सदस्यता विस्तारको थालनि गरि युथ नेटवर्क निर्देशिका मार्फत युथ नेटवर्क संचालन गर्दै आईरहेको सन्दर्भमा ए.आई नेपालको २०६९ असोजमा सम्पन्न २१ औ राष्ट्रिय परिषद वैठकले ए.आई नेपालले संचालन गर्ने अभियान र मानवअधिकार आन्दोलनमा युवाको सकृय सहभागिता र सार्थक प्रतिनिधित्वको सुनिश्चितता होस भन्ने ध्येयले ए.आई नेपालको राष्ट्रिय युवा नीति समेत अनुमोदन गरेपश्चात मिति २०६९ कार्तिक २२ र २३ गते सम्पन्न राष्ट्रिय कार्यसमिति वैठकले युथ नेटवर्क संचालन कार्यविधि वनाउने निर्णय गरे अनुरुप ए.आई नेपालमा आवद्ध युथ नेटवर्कका गतिविधिलाई थप व्यवस्थित वनाउन, प्रभावकारी र परिणाममुखी वनाउनका लागि एम्नेष्टी ईन्टरनेसनलको सीमा, एकीकृत रणनीतिक योजना, विधान, युवा रणनीति एवम् युवा नीति २०६९ को सिमाभित्र रही एमनेष्टी इन्टरनेसनल नेपाल शाखाको युथ नेटवर्क संचालन सम्वन्धी कार्यविधि २०७० वनाई लागु गरिएको छ।

## परिच्छेद १
## नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम 'एमनेष्टी इन्टरनेसनल नेपाल शाखाको युथ नेटवर्क संचालन सम्वन्धि कार्यविधि २०७० रहने छ।
२. यो कार्यविधि एम्नेष्टी इन्टरनेसनल नेपाल शाखाको राष्ट्रिय कार्यसमितिवाट पारित भएपछि लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

१. ए.आई भन्नाले एम्नेष्टी इन्टरनेसनल र ए.आई नेपाल भन्नाले एम्नेष्टी ईन्टरनेसनल नेपाललाई जनाउने छ।
२. राकास भन्नाले राष्ट्रिय कार्य समितिलाई जनाउने छ।
३. सचिवालय भन्नाले राष्ट्रिय सचिवालयलाई जनाउने छ।
४. कार्यविधि भन्नाले ए.आई.नेपाल शाखाको युथ नेटवर्क संचालन सम्वन्धि कार्यविधि २०७० लाई जनाउने छ।

## परिच्छेद ३
## युथ नेटवर्क निर्माण

### युथ नेटवर्क गठन प्रकृयाः

१. ए.आईको आदर्श, शिद्दान्त, नीति र विधानप्रति प्रतिवद्ध रहि यसको अभियानमा सहभागि हुन इच्छुक १४ देखि २५ वर्षसम्म उमेर समुहका व्यक्तिहरुले तोकिएको शुल्क सहित युथ नेटवर्क सदस्यता फारम भरि वुझाउनुपर्ने छ। सदस्यता फारम सहित आफ्नो परिचय खुल्ने नागरिकता वा अन्य परिचयपत्र पेश गर्नुपर्ने छ।

२. सदस्यता फारम भरेका कम्तिमा ५० जना सदस्यहरूले नेपालभित्र रहेका ए.आई.का समुहहरु मार्फत वा सोझै ए.आई.नेपालको राष्ट्रिय सचिवालयमार्फत युथ नेटवर्क गठनका लागि आवश्यक प्रकृया पुर्याई तोकिएको शुल्क, युथ नेटवर्कको नाम, कार्यसमिति र पत्राचार ठेगाना सहित ए.आई नेपालमा निवेदन दर्ता गर्नुपर्ने छ। तर एउटा समुहले एउटा मात्र युथ नेटवर्क सिफारिस गर्न पाउने छ।

३. कम्तिमा पनि युथ नेटवर्क रहने स्थानमा प्रत्यक्ष यातायात सुविधा भएको, टेलिफोन, फ्याक्स, ईन्टरनेट आदि संचारको सुविधा भएको हुनुपर्ने छ।

४. प्रकृया पुरा गरेको अवस्थामा राकासले युथ नेटवर्कको मान्यता प्रदान गर्नेछ।

५. युथ नेटवर्क संचालन गर्न स्वयमसेवी भावनाले ओतप्रोत भएको हुनुपर्नेछ। युथ नेटवर्कको मुख्य काम ए.आई.को अभियानमा सहयोग पुर्याउनु, सहभागि हुनु, संचालन गर्नु र मानवअधिकार सम्वन्धि सचेतना फैल्याउनु हुनेछ।

६. यसरी गठन भएको युथ नेटवर्का नयाँ सदस्यहरूलाई ए.आई र मानवअधिकार सम्वन्धि जानकारी गराउनु राकासको दायीत्व हुनेछ।

## परिच्छेद ४
## युथ नेटवर्क संचालन

### युथ नेटवर्क साधारण सभा

१. युथ नेटवर्कको वार्षिक साधारणसभा हरेक वर्ष वस्नुपर्ने छ। साधारणसभाले आगामी एक वर्षको लागि कार्यसमितिको समेत चयन गर्नुपर्ने छ। कार्यसमिति चयन गर्दा समावेशीकरणलाई ध्यान दिनुपर्नेछ।

२. युथ नेटवर्कको साधारणसभा 'युथ मेला' हुनुभन्दा १ महिना अगाडि वा हरेक वर्षको चैत्र मसान्त भित्र गरिसक्नुपर्ने छ।

३. युथ नेटवर्कको साधारणसभाका लागि सम्पुर्ण सदस्यहरूलाई साधारणसभाको एजेण्डा सहित साधारणसभा हुने मिति, स्थान र समयका वारेमा कम्तिमा ७ दिन अगाडि नै जानकारी गराउनु पर्नेछ।

४. साधारणसभा हुने मिति,स्थान र समयका वारेमा ए.आई नेपाल राकासलाई कम्तिमा ७ दिन अगाडि नै जानकारी गराउनु पर्नेछ। सकभर राकास वा राकासले तोकेको प्रतिनिधिको उपस्थितिमा साधारणसभा सम्पन्न गर्नुपर्ने छ ।

५. साधारणसभामा युथ नेटवर्कको वार्षिक गतिविधि प्रतिवेदन, आर्थिक प्रतिवेदन, आगामी वर्षको कार्ययोजना र आगामी वर्षका लागि अनुमानित वजेट आदि लिखित रुपमा प्रस्तुत गर्नुपर्नेछ।

६. युथ नेटवर्क रहिरहनका लागि आवश्यक न्युनतम सदस्य संख्या ५० जनाभन्दा कम वैधानिक सदस्यता रहेको अवस्थामा गरिएको साधारण सभा मान्य हुने छैन।

७. सम्वन्धित युथ नेटवर्कको सदस्य नरहेको व्यक्ति कार्यसमितिमा रहन सक्ने छैन।

## नेटवर्कको काम कर्तव्य र अधिकार

१. ए.आई नेपालले संचालन गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय अभियानहरू अन्तर्गतका कार्यक्रमहरू संचालन गर्नु।

२. ए.आईका गतिविधि र अभियानहरूको स्थानीय स्तरमा प्रचार प्रसार गर्नु।

३. ए.आई नेपाल तथा ए.आई अन्तराष्ट्रिय सचिवालयद्वारा निर्देशित विभिन्न अभियान तथा ए.आई नेपालले संचालन गरेका विभिन्न अभियानमा हस्ताक्षर संकलन्, पत्रलेखन, ह्याली, अन्तरकृया, प्रवचन, सडक नाटक लगायत मानव अधिकार शिक्षा तथा सचेततासंग सम्वन्धित विभिन्न सिर्जनात्मक कार्यक्रमहरू प्रभावकारी रुपमा संचालन गर्ने।

४. ए.आईको विधान र सीमाको प्रतिकुल नहुनेगरी राकास संग समन्वय गरि युवाको मानवअधिकार तथा व्यक्तित्व विकाससँग सम्वन्धित विभिन्न सिर्जनात्मक अभियानहरू संचालन गर्नु।

५. आफ्ना युथ नेटवर्कका सदस्यहरू तथा अन्यलाई ए.आई अभियानका वारेमा जानकारी गराउने तथा सहभागि गराउने।

६. संभव भएसम्म ए.आई नेपाल तथा स्थानीय समुह तथा अन्य युथ नेटवर्कले आयोजना गर्ने विभिन्न कार्यक्रममा सहभागि हुने।

७. ए.आई नेपाल, राकास, राष्ट्रिय सचिवालय, युथ नेटवर्क नेसनल एडभाईजरी प्यानल वा अभियान विभागसंग सम्पर्कमा रही अभियान\कार्यक्रम संचालन गर्ने।

८. नियमित समयमा वैठक वसी अभियानका वारेमा छलफल तथा योजना वनाउने। सदस्यहरूलाई जानकारी गराउने।

९. नेटवर्कले संचालन गरेका विभिन्न क्रियाकलाप तथा वैठकहरूको रिपोर्टिङ नियमित रुपमा सचिवालयमा पठाउने।

१०. ए.आई नेपालद्वारा आमन्त्रण गरिएका युथ मेला लगायत विभिन्न कार्यक्रम, तालिम, कार्यशाला आदिमा तोकिए अनुसारको प्रकृया पुर्याई सहभागि हुने गराउने।

११. सदस्यताको अभिलेख राख्ने, सदस्यता विस्तार र नविकरण गर्ने।

१२. विषयगत संयोजकहरू तोकि जिम्मेवारी दिने।

१३. युथ नेटवर्कका गरिविधि, आर्थिक गतिविधि नियमित रुपमा राष्ट्रिय सचिवालयमा पठाउने।

१४. नेटवर्क संचालन र अभियानका गतिविधि संचालनका लागि ए.आई नेपालको विधान र सीमाभित्र रहेर आर्थिक स्रोत जुटाउने।

१५. युवा अधिकार र मानव अधिकारका विषयमा सिर्जनात्मक कार्यक्रमहरू संचालन गर्ने।

## नेटवर्क कार्यसमिति

१. हरेक बर्ष नेटवर्कको कार्यसमितिको निर्वाचन गर्नुपर्नेछ।

२. नेटवर्कको कार्यसमिति ७ सदस्यीय हुनुपर्ने छ।

३. कार्यसमितिमा संयोजक-१, सह-संयोजक-१, सचिव-१ कोषाध्यक्ष-१ र अन्य ३ जना सदस्यहरू रहनेछन। संयोजक र सहसंयोजक मध्ये १ जना सहित न्युनतम ३ जना महिला सहभागिता अनिवार्य हुनुपर्नेछ। कार्यसमितमा सम्भव भएसम्म समावेशिकरणलाई ध्यान दिनु पर्नेछ।

४. कार्यसमिति छनोट प्रकृया सकभर सर्वसम्मतिवाट हुनेछ। सर्वसम्मत हुन नसकेमा निर्वाचन प्रक्रिया अवलम्वन गर्न सकिने छ।

५. आवश्यकता अनुसार कार्यसमितिले नेटवर्कका सदस्यहरूमध्येवाट विभिन्न संयोजकहरू नियुक्त गरि कामको जिम्मेवारी वाँडफाँड गर्न सक्ने छ।(जस्तैः मानवअधिकार संयोजक, अभियान संयोजक, सदस्यता संयोजक, अनलाईन संयोजक, महिला संयोजक, अर्थ संयोजक, संचार संयोजक आदि)

### कार्यसमिति वैठक

१. युथ नेटवर्कको वैठक सामान्यतया नियमित रुपमा प्रत्येक महिना वस्नु पर्नेछ। तर वर्षमा ४ वटा वैठक अनिवार्य रुपमा वसेको हुनुपर्नेछ।

२. वैठकको छलफलको विषय र समय तथा स्थानवारे संयोजकसंग परामर्श गरि सचिवले कार्यसमितिलाई वैठक वस्नुभन्दा ३ दिन अगाडि नै जानकारी गराउनुपर्नेछ।

३. वैठकमा संयोजक वा सहसंयोजकले ए.आई नेपालवाट प्राप्त सर्कुलर र ए.आईले संचालन गरेका विभिन्न अभियानवारे जानकारी गराउनुपर्नेछ भने युथ नेटवर्कले गरेका गतिविधि र सदस्यताको अवस्थावारे सचिवले जानकारी गराउनुपर्नेछ। नेटवर्कको आर्थिक स्रोत र अवस्थावारे कोषाध्यक्षले जानकारी गराउनुपर्नेछ। यी दुवै विषयमा वैठकले समिक्षा गर्दै आगामी कार्ययोजना र कार्यक्रम निर्धारण गर्नसक्नेछ। यो प्रत्येक वैठकको नियमित एजेण्डा हुनेछ।

४. विषयगत संयोजकहरू पनि वैठकमा आमन्त्रित गर्नुपर्नेछ। आफुले जिम्मेवारी लिएको विषयगत समितिको तर्फवाट वैठकमा जानकारी गराउनु विषयगत संयोजकहरूको दायीत्व हुनेछ।

## परिच्छेद-५
## सदस्यता प्राप्ति र नविकरण

१. सदस्यता प्राप्त गर्न तोकिएको ढाँचाको फाराम भर्नुपर्नेछ।
२. तोकिए वमोजिमको शुल्क तिर्नुपर्नेछ।
३. युथ नेटवर्कले तोके वमोजिम संयोजक वा सहसंयोजकले सिफारिस गर्नुपर्नेछ।
४. सदस्यता शुल्क वाहेक थप शुल्क लिनुपरेमा राकासको अनुमति लिनुपर्नेछ।
५. सदस्यताको म्याद समाप्त भएको ६ महिनाभित्र नविकरण गरिसक्नुपर्नेछ।
६. समुहको सिफारिसमा वनेको युथ नेटवर्कका सदस्यहरूले युवा सदस्यता समाप्तिपश्चात समुहको सदस्यता लिन चाहेमा सम्वन्धित समुहले सदस्यता प्रदान गर्नसक्नेछ। अन्य युथ नेटवर्कका सदस्यहरूले समुहको सदस्यता लिन चाहेमा राकासले निज आवद्ध हुन चाहेको समुहमा सदस्यता उपलव्ध गराउन सिफारिसका लागि अनुरोध गर्न सक्नेछ।

## परिच्छेद ६
## युवा सल्लाहकार समुह NYAP (National Youth Advisory Panel)

एम्नेष्टी इन्टरनेसनल र ए.आई. नेपालद्वारा संचालन हुने अभियानको प्रभावकारी संचालन गर्न, अभियानमा युवा सहभागिताको विस्तार गर्न तथा ए.आई नेपाल र युवा सँग सम्वन्धित नीति तथा योजना निर्माणका

विषयमा आवश्यक सल्लाह र सुझाव दिनका लागि राष्ट्रिय कार्य समितिले युथ नेटवर्कका सदस्यहरू मध्येवाट एक जना संयोजक र कम्तिमा २ जना महिला रहनेगरि ५ सदस्यीय युवा सल्लाहकार समुह( नेसनल युथ एडभाइजरी प्यानल National Youth Advisory Panel) को गठन गर्नेछ।

**गठन प्रक्रिया**

१. राष्ट्रिय कार्यसमितिले प्रत्येक युथ नेटवर्कवाट १-१ जनाको नाम मनोनयनका लागि आव्हान गर्नेछ।

२. नेटवर्कले नाम मनोनयन गर्दा राकासले तोकेको फारम भरि युथ नेटवर्कको कार्यसमितिको निर्णयको प्रतिलिपि र सम्वन्धित व्यक्तिको व्यक्तिगत विवरण एवम आफ्नो प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ।

३. प्राप्त नामहरूमध्ये दक्षता, अनुभव, सक्रियता, क्षेत्र,समावेशिता र सम्वन्धित युथ नेटवर्कको गतिविधिलाई समेत मध्यनजर गर्दै राकासले एक संयोजक र कम्तिमा दुई महिला रहने गरि युवा सल्लाहकार समुह ( नेसनल युथ एडभाईजरी प्यानल)को चयन गर्नेछ।

४. युथ एडभाईजरी प्यानलको कार्यकाल २वर्षको हुनेछ।

५. युवालाई सहभागि गराउने अभियान तथा कार्यक्रम सम्वन्धि नीति एवम कार्यक्रम तर्जुमा गर्दा राकासले युथ एडभाईजरी प्यानलसंग परामर्श गर्नेछ।

६. एडभाईजरी प्यानलको वैठक वर्षमा कम्तिमा २ पटक वस्नेछ।

७. यस प्यानलमा चयन भएका व्यक्तिहरू यदि कुनै युथ नेटवर्कको संयोजक वा सहसंयोजक रहेका रहेछन भने सो समुहको जिम्मेवारी छाड्नु पर्नेछ।

८. युथ नेटवर्कहरूलाई समन्वय गर्ने र ए.आई अभियानमा नेटवर्क र युवा सदस्यहरुको प्रभावकारी सहभागिता र कृयाशिलता अभिवृद्धि गर्न राकासलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्नु युथ एडभाईजरी प्यानलको प्रमुख दायीत्व हुनेछ।

९. युथ एडभाईजरी प्यानलको संयोजक तथा सदस्यहरू सवै स्वयमसेवी हुनेछन।

## परिच्छेद ७
## युथ नेटवर्कको खारेजी

निम्न मध्ये कुनै वा सवै अवस्थामा युथ नेटवर्क खारेज हुनसक्नेछ

१. ए.आई को परिदृष्य, उद्देश्य, मुल आदर्श, कायदिश र विधान-विपरित कार्य गरेमा।

२. ए.आईको अन्तराष्ट्रिय अभियानसंग सम्वन्धित कम्तिमा पनि ३ वटा सार्वजनिक कार्यक्रम नगरेमा।

३. लामो समयसम्म तोकिए अनुरुपको न्युनतम सदस्य संख्या कायम नरहेमा।

४. वर्षमा न्युनतम ४ वटा वैठक नवसेमा।

५. हरेक वर्ष वार्षिक साधारण सभा र २ वर्षमा नयाँ नेतृत्व चयन नगरेमा।

६. वैठकको माईन्युटको प्रतिलिपि, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र वार्षिक कार्ययोजना नेटवर्क साधारणसभावाट पारित गराई राष्ट्रिय सचिवालयमा पेश नगरेमा।

७. तोकिएवमोजिम अन्य कार्य नगरेमा।

**समाप्त।**